# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs    Date: 15.12.2024

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ सिक्किमका बाह्रवटा समुदायलाई भारतको संविधानअन्तर्गत अनुसूचित जनजातिको सूचीमा समावेश गर्न स्थापित सिक्किम राज्य उच्च-स्तरीय समितिको पहिलो बैठकमा सहभागी बन्नुभयो।

बैठकमा समितिका अध्यक्ष श्री BV शर्मा , उपाध्यक्ष श्री महेन्द्र P लामा, सदस्यगण र छुटेका बाह्रवटा समुदायका प्रतिनिधिहरू उपस्थित थिए।

मुख्यमन्त्रीले आफ्नो सम्बोधनमा भन्नुभएको छ, सिक्किमको पहिचानमा उनीहरूको महत्त्वपूर्ण योगदान हुँदाहुँदै पनि यी समुदायलाई 1979-देखि अनुसूचित जनजातिको मान्यताबाट बञ्चित राखियो।

वर्तमान सरकार उनीहरूको समावेशनका लागि आफ्नो वकालतमा अडिग छ भन्दै मुख्यमन्त्रीले भन्नुभएको छ, जनवरी 2021-मा सिक्किम विधानसभाद्वारा पारित एउटा ऐतिहासिक प्रस्तावसहित प्रधानमन्त्री र गृह मन्त्री एवं राष्ट्रिय नीति निर्माताहरूसितको निरन्तर सम्पर्कले हाम्रो समर्पित प्रतिबद्धतालाई प्रदर्शित गर्दछ। उहाँले मानिसहरूको उत्साहजनक प्रतिक्रियाबाट यो मान्यता हाम्रो पहुँचमा छ भन्ने कुराको विश्वास दिलाएको छ भनी बताउनुभएको छ।

मुख्यमन्त्रीले बताउनुभएअनुसार यस उच्च स्तरीय समितिलाई तीन महिनाभित्र एउटा व्यापक नृवंशविज्ञान अर्थात ethnographical प्रतिवेदन अनि कार्यवाही योग्य सिफारिश प्रस्तुत गर्ने महत्त्वपूर्ण दायित्व सुम्पिएको छ। श्री तामाङले भन्नुभएको छ, यस अभियानको सफलता सुनिश्चित गर्न सिक्किम सरकार आफ्नो पूर्ण समर्थन दिने वचन दिँदछ।

वर्ष 2025-मा राज्य गठनको पचास वर्षको अवसरमा मुख्यमन्त्रीले  भन्नुभएको छ, दशकौं पुरानो मागलाई सम्बोधन गर्न साँचो समावेशिता र समानता प्राप्त गर्न सर्वोपरी छ। उहाँले समितिका सबै सदस्यगण र हितधारकहरूसित यस ऐतिहासिक माइलखुट्टीको दिशामा अथक प्रयास गर्ने आग्रह गर्नुभएको छ। मुख्यमन्त्री श्री तामाङले सबैसित एकसाथ अघि आएर सिक्किमवासीको कल्याण र अधिकारप्रति आफ्नो समर्पणमा दृढ़ रहने आग्रह गर्नुभएको छ।

---------------------------------------X---------------------------------------

PM CS Conference

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले नयाँ दिल्लीमा मुख्य सचिवहरूको चौथो राष्ट्रिय सम्मेलनमा लगातार दोस्रो दिन आज अध्यक्षता गरिरहनुभएको छ। गत शुक्रबार शुरू भएको यस तीन दिनको सम्मेलनको समापन सत्रमा आज श्री मोदीले आफ्नो सम्बोधन राख्नुहुनेछ। यस राष्ट्रिय सम्मेलनमा एउटा साझा विकास एजेन्डा तयार गर्न र यसलाई कार्यान्वित गर्न बाहेक राज्यहरूसित साझेदारीको रूपरेखा तय गर्नमाथि ध्यान केन्द्रित गरिँदैछ। यस सम्मेलनको उद्देश्य केन्द्र र राज्य सरकारबीच साझेदारीलाई अधिक दह्लिो बनाउनु तथा सहकारी संघवादलाई प्राथमिकता दिनका साथै द्रुत गतिमा वृद्धि र विकासको लक्ष्य प्राप्त गर्न उचित समन्वस सुनिश्चित गर्नु पनि हो। सबै राज्य र केन्द्रशासित प्रदेशका मुख्य सचिव, वरिष्ठ अधिकारी र विभिन्न क्षेत्रका विशेषज्ञले यस सम्मेलनमा भाग लिइरहेछन्।

---------------------------------------X---------------------------------------

Mann Ki Baat

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले यस महिनाको उन्तीस तारिक बिहान एघारबजी आकाशवाणीबाट मन की बात कार्यक्रममा श्रोताहरूसित आफ्ना विचार साझा गर्नुहुनेछ। यो यस कार्यक्रमको एक सय सत्रौं प्रकरण हुनेछ।

श्रोताले टोल फ्री नम्बर 1800-11-7800-मा साथै नरेन्द्र मोदी ऐप वा माइ GOV ओपन फोरम-को माध्यमबाट पनि सुझाउ पठाउन सक्नेछन्। यस प्रकरणका निम्ति श्रोताहरूले सत्ताइस दिसम्बरसम्ममा आफ्नो सुझाउ पठाउन सक्नेछन्।

---------------------------------------X---------------------------------------

NSS

कम्प्यूटर एवं सञ्चार प्रौद्योगिकी केन्द्र (CCCT), चिसोपानीको राष्ट्रिय सेवा योजना (NSS) एकाईलाई असममा आयोजन हुने पूर्व-गणतन्त्र दिवस परेड शिविरका लागि निमन्त्रण प्राप्त भएको छ। यसका निम्ति केन्द्रले खुशी व्यक्त गरेको छ।

यस प्रतिष्ठित कार्यक्रमको उद्देश्य नयाँ दिल्लीमा 2025-को गणतन्त्र दिवस परेडमा पूर्वोत्तर क्षेत्रको प्रतिनिधित्व गर्नका निम्ति उत्कृष्ट NSS क्याडेटको चयन गर्नु हो।

---------------------------------------X---------------------------------------

ASBA

भारत सरकारको आयकर विभागका पूर्व प्रधान मुख्य आयुक्त श्री CL डेन्जोङपा अखिल सिक्किमे भोटिया संगठनका नयाँ अध्यक्षका रूपमा निर्विरोध निर्वाचित  हुनु भएक ो छ। संगठनद्वारा जारी प्रेस बयानमा बताइएअनुसार नयाँ सदस्यहरूको गठनका निम्ति हिजो चुनाउ समितिले चुनाउ गराएको थियो। यसैगरी समितिको महासचिव पदमा श्री जोर्गे नामका निर्विरोध निर्वाचित हुनु भएको छ।

विज्ञप्तिमा भनिएअनुसार आज गान्तोकस्थित माखिममा मन्त्री श्री सोनाम लामाको उपस्थितिबीच नव नियुक्त सदस्यहरूलाई प्रमाणपत्र प्रदान गरियो।

---------------------------------------X---------------------------------------

Sports

खेलकुद एवं युवा मामिला विभागद्वारा सोरेङ जिल्लाको जौंटार स्टेडियममा सोल्ह वर्षदेखि मुनिको आयु वर्गका ठिटाहरूको निम्ति हिजोदेखि आयोजना गरिएको दुई दिवसीय चयन प्रक्रियाको आज समापन भयो।

सोरेङ जिल्लाकी उपनिदेशक श्रीमती ममिता गुरूङको निगरानीमा सम्पन्न यस दुई दिवसीय चयन प्रक्रियाअवधि उपनिदेशक पाल्देन भोटिया, पाल्जोर स्टेडियमका प्रभारी नविन लामा तथा अन्य उपस्थित हुनुहुन्थ्यो।

यहाँबाट चयन भएका खेलाड़ीहरूको राज्य स्तरीय चयन प्रक्रिया आगामी बाहीस र तेहीस दिसम्बरका दिन गान्तोकको पाल्जोर स्टेडियममा सम्पन्न हुनेछ।

---------------------------------------X---------------------------------------

Archery Tournament

सिमफेडका अध्यक्ष श्री तेञ्जीङ दोर्जी भोटिया ताथाङचेन यारगे संगठनद्वारा आयोजित अन्तर ग्रामीण लोसुङ आर्चरी प्रतियोगितामा सहभागी बन्नुभयो। ताथाङचेन आर्चरी मैदानमा सम्पन्न कार्यक्रमको उद्देश्य पारम्परिक खेल आर्चरीको आनन्द लिनका साथै गाउँमा सांस्कृतिक एकतालाई प्राथमिकता दिनु हो।
अध्यक्ष श्री भोटियाले सिक्किमको समृद्ध सम्पदाको संरक्षण गर्ने प्रयास गरेकोमा आयोजकप्रति प्रशंसा व्यक्त गर्दै यस्ता परम्परागत गतिविधिहरूमा युवाहरूको सहभागितालाई प्रोत्साहित गर्नुभयो।

---------------------------------------X---------------------------------------